आज मिति २०८० साल कार्तिक १७ गते बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगा बहादुर तामाङज्यूको अध्यक्षतामा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका प्रस्तावहरु माथि छलफल गरी निर्णयहरु गरियो ।

उपस्थितिः

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री गंगा बहादुर तामाङ | अध्यक्ष | |
| २ | श्री सरु लामा तामाङ | उपाध्यक्ष | |
| ३ | श्री हुप बहादुर खड्का | अध्यक्ष वडा नं. १ | |
| ४ | श्री छविलाल न्यौपाने | अध्यक्ष वडा नं. २ | |
| ५ | श्री रितेश तामाङ | अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री सुर्जे तामाङ | अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री यादव ठकुरी | अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री तेज बहादुर पराजुली | अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष वडा नं. ७ | |
| १० | श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य | |
| १२ | श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य | |
| १३ | श्री रश्मी तामाङ | कार्यपालिका सदस्य | |
| १४ | श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य | |
| १५ | श्री देवकी भूजेल | कार्यपालिका सदस्य | |
| १६ | श्री कविता काफ्ले | कार्यपालिका सदस्य | |
| १७ | श्री रेवन्त दहाल | सदस्य सचिव | |

आमन्त्रितः

| | | | |
|---|---|---|---|
| १ | सुकुलाल तामाङ | कार्यालय सहायक चौथो | |
| | | | |

प्रस्तावहरुः

१. नदीजन्य पदार्थ (दहत्तरबहत्तर) को आन्तरिक आय संकलन सम्बन्धमा ।

२. कर्मचारी व्यवस्थापन समिति गठन सम्बन्धमा ।

३. विविध सम्बन्धमा ।

निर्णयहरुः

१ राजश्व परामर्श समितिको मिति २०८०।०६।२२ गते बसेको बैठकको निर्णय तथा सिफारिस अनुसार यस बलेफी गाउँपालिकाको सुनकोशी र ब्रम्हायणी नदी किनाराको IEE प्रतिवेदनले स्वीकृत गरेको स्थानहरुबाट चालु आ.व. २०८०।०८१ को नदीजन्य पदार्थ गिट्टी/रोडा, ढुङ्गा र बालुवा (दहत्तर बहत्तर)को कर बढाबढ गरी बोलपत्रको माध्यमबाट संकलन गर्न गाउँपालिकाबाट प्रथम पटक मिति २०८०।०२।१४ गते, दोस्रो पटक मिति २०८०।०३।३१ गते र तेस्रो पटक मिति २०८०।०५।१७ गते E-Bid र राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएकोमा उल्लिखित सूचना उपर कुनै पनि व्यक्ति फर्म तथा कम्पनीबाट बोलपत्र कबोल गरी पेश नगरेको हुँदा अब IEE प्रतिवेदनमा उल्लेख भएको मौजुदा परिमाणलाई दिनगन्तीको आधारमा घटाई पुनः सूचना प्रकाशन गर्ने । साथै, बोलपत्र पेश भई सम्झौता नभएसम्मका लागि गाउँपालिकामा कार्यरत मौजुदा कर्मचारी परिचालन गरी अमानतबाट कर संकलन गर्ने निर्णय गरियो ।

२ यस बलेफी गाउँपालिकाको प्रशासकीय संगठन तथा कर्मचारी व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न तथा वैज्ञानिक ढंगले व्यवस्थापन गर्न आवश्यक देखिएकाले २०८० असार ७ गतेको गाउँसभाबाट स्वीकृत संगठन तथा व्यवस्थापन सर्वेक्षण, २०८० समेतको अध्ययन गरी गाउँकार्यपालिकामा प्रतिवेदन पेश गर्ने गरी देहाय वमोजिमको कर्मचारी व्यवस्थापन समिति गठन गर्ने निर्णय गरियो ।

देहायः

१ श्री गंगाबहादुर तामाङ - संयोजक
२ श्री सरु लामा तामाङ - सदस्य
३ श्री तेजबहादुर पराजुली - सदस्य
४ श्री रेवन्त दहाल - सदस्य
५ श्री सलबहादुर पाण्डे - सदस्य सचिव

३ विविध निर्णयहरु

क. राजश्व परामर्श समितिको मिति २०८०।०६।२२ गते बसेको बैठकको निर्णय तथा सिफारिस अनुसार जिल्ला समन्वय समिति सिन्धुपाल्चोकको मिति २०७७।०५।२५ गते च.नं. ९७ को पत्रको व्यहोरा अनुसार तत्कालिन नदीजन्य तथा खानीजन्य पदार्थ जिल्ला अनुगमन समितिले मिति २०७७।०५।१९ गते स्थलगत अनुगमन गर्दा बलेफी गाउँपालिका क्षेत्रभित्र पर्ने विभिन्न स्थानहरुमा अवैध रुपमा संकलन गरिएको बालुवा सील गरी लिलाम बिक्रीका लागि निर्देशन भए अनुसार गाउँपालिकाले पटक पटक लिलाम बिक्रीका लागि सूचना प्रकाशन गर्दा कुनै पनि व्यक्ति तथा फर्मले खरिद नगरेको हुँदा स्थलगत प्राविधिक निरीक्षण गरी मूल्यांकन गराई लिलाम बिक्रीका लागि १५ दिने सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

ख. बलेफी गाउँपालिका वडा नं. २ बस्ने कैलाश थापाले बलेफी गाउँपालिकाको "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि,२०७५ को दफा २ (१) अनुसार अनुसूची-१ बमोजिमको ढाँचामा गोल्डेन लाइट कन्स्ट्रक्सन एण्ड प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी ईजाजत पत्र पाउँ भनी दरखास्त पेश गर्नुभएको र सो सम्बन्धमा ऐ कार्यविधिको दफा २(२) मा भएको व्यवस्था अनुसार यस कार्यालयका ई. श्री सञ्जय प्याकुरेलको संयोजकत्वमा गठित जाँचबुझ समितिले अनुसूची-५ बमोजिमको योग्यता भएको भनी प्रतिवेदन पेश गरेको हुँदा उक्त गोल्डेन लाइट कन्स्ट्रक्सन एण्ड प्रा.लि. लाई "घ" वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने निर्णय गरियो ।

ग. बलेफी गाउँपालिकाको करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने कार्यविधि, २०७५ बमोजिम मिति २०७९।०८।१२ गते करार सेवामा लिने सम्बन्धी सूचना प्रकाशन भए बमोजिम अ.हे.ब. पदको लागि (माग संख्या ३जना ) माग गरिएको र सो को अन्तरवार्ता समेत भईसकेकोले उक्त विज्ञापनको अन्तिम नतिजा प्रकाशन गर्ने निर्णय गरियो ।